मेलुङ गाउँपालिका
गाउँ कार्यपालिका बैठक

बैठक सङ्ख्या : ६८

आज मिति २०८३/०२/१९ गते सोमबारका दिन मेलुङ गाउँपालिकाका अध्यक्ष श्री हिरा कुमार तामाङज्यूको अध्यक्षतामा तपसिल बमोजिमका गाउँ कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक बसी देहायका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो।

उपस्थिति :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा कुमार तामाङ | अध्यक्ष | | |
| २ | श्री गायत्री आचार्य | उपाध्यक्ष | | |
| ३ | श्री ईश्वर कोईराला | सदस्य | | |
| ४ | श्री रामकृष्ण भण्डारी | सदस्य | | |
| ५ | श्री बसन्त लामा | सदस्य | | |
| ६ | श्री सोम बहादुर बम्जन लामा | सदस्य | | |
| ७ | श्री ललित बहादुर थापा मगर | सदस्य | | |
| ८ | श्री कुसुम लामा | सदस्य | | |
| ९ | श्री नवराज खड्का | सदस्य | | |
| १० | श्री शान्ता दहाल कार्की | सदस्य | | |
| ११ | श्री राममाया लामा | सदस्य | | |
| १२ | श्री बिमला नेपाली | सदस्य | | |
| १३ | श्री बिन्दा पाण्डे | सदस्य | | |
| १४ | श्री यादव घतानी | सदस्य | | |
| १५ | श्री मल्लिका दर्नाल | सदस्य | | |
| १६ | श्री भुवन चापागाई | सचिव | | |

आमन्त्रित :

१ श्री डिल्ली बहादुर बुढाथोकी, का.वा. वडा अध्यक्ष वडा नम्बर १

२ श्री रामेश्वर अधिकारी, का.वा. वडा अध्यक्ष वडा नम्बर ४

३ श्री कमल लकान्द्री, का.वा. वडा अध्यक्ष वडा नम्बर ३

४ श्री रामकाजी काफ्ले, नीति योजना तथा अनुगमन शाखा प्रमुख

प्रस्तावहरु :

१. आ.ब. २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका लागि सीमा तथा बजेट तर्जुमा मार्गदर्शन,२०८३ सम्बन्धमा।
२. बजेटका प्राथमिकता र शिद्धान्त,२०८३ सम्बन्धमा।
३. नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धमा।
४. बजेट तथा कार्यक्रम तयारी तालिका सम्बन्धमा।
५. बिषयगत समितिको प्रतिवेदन सम्बन्धमा।
६. आर्थिक विधेयक, २०८३ सम्बन्धमा।
७. बनियोजन विधेयक, २०८३ सम्बन्धमा।
८. आ.ब. २०८१/०८२ को लेखा परिक्षण प्रतिवेदन माथि छलफल सम्बन्धमा।
९. विधुत सञ्चालन तथा व्यवस्थापन विधेयक,२०८२ को मस्यौदा माथि छलफल सम्बन्धमा।
१०. गाउँपालिकाको दरबन्दी संरचना परिमार्जन सम्बन्धमा।
११. पिपलडाँडा वडा कार्यालय भञ्ज्याङ सडक मेलुङ २,३ योजनको भुक्तानी सम्बन्धमा।
१२. मुडे मेलुङ सित्तली सडक अन्तरगत वडा नम्बर ३ को ढाँडेखोला देखि ४ ५ ६ वडा नं ठ को कार्तिके शिव मन्दिर बाख्रा फर्म सम्मको लागि बजेट व्यवस्थापन गर्ने सम्बन्धमा।
१३. विविध सम्बन्धमा।

निर्णयहरु :

१. प्रस्ताव नम्बर १ सम्बन्धमा छलफल गर्दा आ.ब. २०८३/०८४ को लागि बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेस भएको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका लागि सीमा तथा बजेट तर्जुमा मार्गदर्शन, २०८३ लाई स्वीकृत गर्ने।
२. प्रस्ताव नम्बर २ सम्बन्धमा छलफल गर्दा आ.ब. २०८३/०८४ को लागि बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेस भएको बजेटका प्राथमिकता र शिद्धान्त, २०८३ लाई स्वीकृत गर्ने।
३. प्रस्ताव नम्बर ३ सम्बन्धमा छलफल गर्दा आ.ब. २०८३/०८४ को नीति तथा कार्यक्रमको मस्यौदा तयार गरी आगामी कार्यपालिका बैठकमा छलफलको लागि पेस गर्न बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई निर्देशन गर्ने।
४. प्रस्ताव नम्बर ४ सम्बन्धमा छलफल गर्दा बजेट तथा कार्यक्रम तर्जुमा समितिको निर्णयअनुसार आ.ब. २०८३/०८४ बजेट तथा कार्यक्रम तर्जुमा तालिका अनुमोदन गर्ने।
५. प्रस्ताव नम्बर ५ सम्बन्धमा छलफल गर्दा गाउँ सभा र गाउँ कार्यपालिका अन्तरगतका सबै विषयगत समितिहरुलाई आगामी कार्यपालिका बैठकमा समितिको वार्षिक प्रतिवेदन पेस गर्न निर्देशन गर्ने।
६. प्रस्ताव नम्बर ६ सम्बन्धमा छलफल गर्दा आर्थिक विधेयक, २०८३ को मस्यौदा तयारी गरी आगामी कार्यपालिका बैठकमा पेस गर्न विधायन समिति तथा राजस्व परामर्श समितिलाई निर्देशन गर्ने।
७. प्रस्ताव नम्बर ७ सम्बन्धमा छलफल गर्दा विनियोजन विधेयक, २०८३ को मस्यौदा तयार गर्न विधायन समिति तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई निर्देशन गर्ने।

हिरा कुमार तामाङ
अध्यक्ष

८. प्रस्ताव नम्बर ८ सम्बन्धमा छलफल गर्दा महा लेखा परीक्षकको कार्यालयबाट पेस भएको आ.ब. २०८१/०८२ को अन्तिम लेखा परिक्षण प्रतिवेदन माथि छलफल गरियो। लेखा समिलाई प्रतिवेदनमा उल्लिखिति वेरुजु सम्बन्धमा छलफल गरी नियमित गर्नु पर्ने र असुलउपर गर्नु पर्ने वेरुजुको सम्बन्धमा कार्यपालिका तथा आगामी गाउँसभामा पेस गर्न निर्देशन गर्ने।

९. प्रस्ताव नम्बर ९ माथि छलफल गर्दा जलविद्युत सञ्चालन तथा नियमन विधेयक, २०८२ लाई आगामी गाउँ सभाको बैठकमा पेस गर्न विधायन समितिलाई अनुमति दिने।

१०. प्रस्ताव नम्बर १० सम्बन्धमा छलफल गर्दा नेपाल सरकारको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी मापदण्ड, २०८२ बमोजिम गाउँपालिकाको दरवन्दी संरचना पुनरावलोकन प्रक्रिया अघि बढाउन कार्यालयलाई निर्देशन गर्ने।

११. प्रस्ताव नम्बर ११ सम्बन्धमा छलफल गर्दा आ.ब. २०८१/०८२ मा ठेक्का सम्झौता भई आ.ब. २०८२/०८३ मा निर्माण सम्पन्न भएको पिपलडाँडा वडा कार्यालय, भञ्ज्याङ सडक मेलुङ २,३ योजनको ठेक्का लगाएर बचेको रकमबाट भुक्तानी दिने।

१२. प्रस्ताव नम्बर १२ सम्बन्धमा छलफल छलफल गर्दा मुडे मेलुङ सित्तली सडक अन्तरगत वडा नम्बर ३ को ढाँडेखोला देखि ४, ५, ६ र वडा नं ७ को कार्तिके, शिव मन्दिर, बाख्रा फर्म सम्मको डिपिआर समेत तयार भइसकेकोले आ.ब. २०८३/०८४ मा उक्त सडकको लागि आवश्यक बजेट व्यवस्थापन गर्न आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेशलाई अनुरोध गर्ने साथै आगामी बजेट तथा कार्यक्रममा योजना समावेश गरिदनिको लागि भौतिक पूर्वाधार विकास मन्त्रालय बागमती प्रदेशलाई अनुरोध गर्ने।

१३. प्रस्ताव नम्बर १३ माथी छलफल गर्दा देहाय बमोजिम निर्णय गर्ने।

१. गाउँपालिका क्षेत्रभित्रका मुख्य सडकक्षेत्रमा राखिएका निर्माण सामाग्री तथा अन्य सामाग्री साथै गोठ टहरा लगायतका संरचना समेत हटाउन सार्वजनिक सूचना प्रशारण गर्ने साथै सूचना जारी पश्चात समेट सम्वन्धित पक्षले नहटाएमा गाउँपालिको व्याक हो लोडर प्रयोग गरी हटाउने।

२. स्थानीय रेडियो तथा सञ्चार माध्यमलाई आगामी ग

३. वडा नम्बर १ र ३ मा गरिएको सडक सरसफाइ कार्यक्रम कार्यको वडा प्राविधिक बाट भएको लागत अनुमान तथा विल बमोजिम सम्बन्धित वडा कार्यालय तथा वडा समितिको निर्णय समेत संलग्न गरी भुक्तानी गर्ने।

४. वडा नम्बर १ को भंगेरी खानेपानी र भातेचौर खानेपानी योजनामा विनियोजित बजेटबाट लागि सत प्रतिशत लागतमा मोटर खरिद कार्य अगाडि बढाउने।

५. आ.ब. २०८२/०८३ मा निशुल्क औषधी विवरणमा विनियोजित बजेटबाट ठेक्का मार्फत औषधी खरिद गरी बाँकी रहेको रकमबाट सर्जिकल सामाग्री खरिद गर्ने।

हिरा कुमार तामाङ
अध्यक्ष